STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज ५ गते मंगलबार ❑ 21 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकी प्रदेश सरकारका सय दिन

# विपद् उद्धार राहतदेखि कोरोना नियन्त्रण

-वासुदेव पौडेल
गण्डकी, ४ असोज (रासस)

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारले आफ्नो सय दिनको कार्यावधिमा प्राकृतिक विपद्को उद्धार तथा राहतदेखि कोरोना रोकथाम र नियन्त्रण लगायतमा महत्वपूर्ण उपलिब्ध हासिल भएको जनाएको छ।

सरकारका सय दिनबारे जानकारी दिन आज आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री पोखरेलले आर्थिक वर्षको अन्त्यमा सरकारको जिम्मेवारी लिँदै गर्दा अघिल्लो सरकारले कार्यान्वयन गरिरहेका कार्यक्रमको कार्यान्वयनमा जोड दिँदै सोही बजेटको सीमितताभित्र रही जनताका तत्कालका आवश्यकतालाई सम्बोधन गर्ने प्रयास गरिएको बताउनुभयो।

सरकार गठन भएको दुई दिनमा नै वार्षिक नीति तथा कार्यक्रम तयार गरी प्रदेशसभामा पेश गरिएको बताउँदै उहाँले वार्षिक विकास कार्यक्रम तथा बजेट छोटो समयावधिमा नै तयार गरी प्रदेशसभाबाट पारित भएको जानकारी गराउनुभयो।

वर्षात्को सुरुआतसँगै मौसमी प्रतिकूलताका कारण गण्डकी प्रदेश बाढीपहिरो र विपद्जन्य घटनाबाट आक्रान्त बनेको उल्लेख गर्दै उहाँले यसको उद्धार तथा राहतका लागि सरकारले सम्पूर्ण संयन्त्र परिचालन गरेको जानकारी दिनुभयो। कोभिड १९ को सङ्क्रमणको रोकथाम गर्न खोप एक मात्र उपायको रुपमा देखिएकोले सोही अनुसार प्रदेशका आम नागरिकलाई खोप उपलब्ध गराउन प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रम र वार्षिक विकास कार्यक्रममा नै खोप व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी पर्याप्त



बजेट समेत विनियोजन गरेको उहाँले उल्लेख गर्नुभयो।

"हालसम्म कोभिड विरुद्धको पहिलो खोप ६ लाख १० हजार ४३० जनालाई र दोस्रो डोज खोप चार लाख ५३ हजार ८९७ जनालाई प्रदान गरिएको छ", उहाँले भन्नुभयो। मनाङ र मुस्ताङ जिल्लालाई साउन १९ गते नेपालमै पहिलो पटक कोभिड- १९ विरुद्धको पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको छ। मुख्यमन्त्रीको पदवहालीका अवसरमा गत जेठ २९ गते महिलामा लाग्ने स्तन र पाठेघरको मुखको क्यान्सर निःशुल्क उपचार गर्ने घोषणा गरी त्यसलाई कार्यान्वयनमा ल्याइएको उहाँले जानकारी दिनुभयो। सङ्घीयताको मर्म बमोजिम मौद्रिक नीतिमा प्रदेशका आवश्यकता सम्भावना र प्राथमिकता समावेश गर्नुपर्छ भन्ने दृष्टिकोणका साथ सरोकारवालासँग छलफल गरी नेपाल राष्ट्र बैंकलाई लिखित सुझाव पठाइएको जानकारी दिँदै उहाँले प्रदेशमा लगानी सम्मेलन गर्ने सम्बन्धमा लगानी बोर्डका अधिकारी, राष्ट्रिय योजना आयोगका सदस्य र योजना आयोगका पूर्व उपाध्यक्ष एवं अर्थविद्सँग छलफल गरिएको जानकारी दिनुभयो। सरकारका काम कारवाहीमा पारदर्शीता, सुशासन र उत्तरदायित्व प्रवर्द्धन गर्न मुख्यमन्त्रीद्वारा प्रदेश सरकारका मन्त्री, प्रमुख सचिव र सचिवलाई १७ बुँदे निर्देशनका साथै बाढीपहिरोका कारण अवरुद्ध प्रदेशभरका सडक तत्काल सुचारु गर्नका लागि जिल्ला प्राविधिक कार्यालयलाई परिचालन गरिएको सरकारको उपलब्धिमा भनिएको छ।

विपद् व्यवस्थापन कार्यमा खर्च गर्ने गरी ८५ वटै स्थानीय तहलाई ५/५ लाखका दरले स्थानीय विपद् व्यवस्थापन कोषमा रु चार करोड २५ लाख रकम उपलब्ध गराइएको मुख्यमन्त्री पोखरेलले जानकारी दिनुभयो। सरकारले हालसम्म बाढीपहिरोको कारण पूर्णरुपमा क्षति भएका घरको पुनःनिमाणका लागि प्रति घर रु एक लाखका दरले राहत सहयोग उपलब्ध गराउने निर्णय भएअनुरुप विभिन्न जिल्लाका जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी रु एक करोड ३७ लाख उपलब्ध गराइएको जनाएको छ। बाढीपहिरोमा परी आफ्नो घरवार गुमाएका परिवारका लागि तत्काल राहतस्वरुप (खाद्यान्न व्यवस्थापनका लागि) प्रति परिवार रु १० हजार र प्रति मृतक रु ५० हजार उपलब्ध गराइएको उल्लेख छ। गण्डकी प्रदेशको विद्युतीय सुशासनसम्बन्धी गुरुयोजना निर्माणको अध्ययन प्रतिवेदन प्राप्त भएको र प्रदेशका लागि विसं २१०० सम्मका लागि आवश्यक पर्ने मानव संशोधन प्रक्षेपणका लागि गरिएको अध्ययनको प्रतिवेदन प्राप्त भएको जनाइएको छ।

अनुगमन प्रणाली अद्यावधिक गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश सरकारका महत्वपूर्ण आयोजना तथा मुख्यमुख्य कार्यक्रमको अनुगमन गर्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो। यसबीचमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रदेश समन्वय समितिको बैठक सम्पन्न भएको जनाइएको छ। त्यस्तै मुख्यमन्त्री र इजरायलका राजदूत हनान गोडेरबीच द्विपक्षीय सहयोगका विषयमा छलफल हुनुका साथै विश्वबैंकको परियोजना कन्ट्री पार्टनरसिप फ्रेमवर्कको परिमार्जनका सम्बन्धमा प्रदेशको दृष्टिकोण प्राथमिकता तथा सहयोगका क्षेत्रहरू स्पष्ट पारिएको सरकारले जनाएको छ। विश्व बैंकका नेपाल प्रमुख फारिस हादाद जेरभोस्सँग प्रदेशका विकासका सम्बन्धमा विस्तृत छलफल भएको जनाइएको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका स्थायी उप आवासीय प्रतिनिधिसँग प्रदेशमा विकासका सम्भावनाका सम्बन्धमा छलफल भएको सरकारले जनाएको छ।

कोरोना महामारीले सम्पूर्ण जीवन अस्तव्यस्त भएको बताउँदै मुख्यमन्त्री पोखरेलले यसलाई उठाउनका लागि सम्पूर्ण लोकतान्त्रिक शक्तिबीच एकता एवं आपसी विश्वासका साथ नियमित प्रयास आवश्यक भएको बताउनुभयो। लगानीबाट मात्र उत्पादन, रोजगारी र आम्दानीको ढोका खुल्ने तथ्यका प्रति सरकार स्पष्ट रहेको बताउँदै उहाँले निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्न सरकार तयार रहेको धारणा राख्नुभयो।

# बन्दीपुर गाउँपालिका वडा कार्यालय भवन उद्घाटन

## बन्दीपुरमा पर्यटकीय भौतिक संरचना निर्माणमा सहयोग गर्ने मन्त्री बरालको आश्वासन

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

तनहुँको बन्दीपुर गाउँपालिका वडा नम्बर एकको वडा कार्यालय भवन उद्घाटन गरिएको छ। बन्दीपुर एक स्थित रिमाल्नी भन्ने स्थानमा हालै नवर्निमित उक्त भवनको सोमबार एक समारोहका बिच गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले उद्घाटन गर्नु भएको हो।

वडा कार्यालयको आन्तरिक श्रोतबाट करिब ६५ लाखको लागतमा तीन कोठे पक्की भवन निर्माण भएको बन्दीपुर वडा नम्बर १ का वडा अध्यक्ष भानुभक्त पोखरेलले बताए। उक्त भवन निर्माणमा स्थानिय सहितका ७ जना दाताको सहयोगबाट ४ रोपनी जग्गा प्राप्त भएको उनले जनाए। उक्त वडा कार्यालयको भवन निर्माणको लागि जग्गा दान गर्नेहरुमा बन्दीपुर १ का कृष्णराज अधिकारी, सुनिल बहादुर अधिकारी, घान्द्रुक कास्कीका कुल बहादुर गुरुङ तथा कृष्ण कुमारी गुरुङ, पोखरा ७ का मोहन कुमारी कटुवाल, पोखरा ९ का मानबहादुर थापा, पोखरा १२ का हेम बहादुर थापा र पोखरा २२ का पूर्ण बहादुर बराल रहेका छन्। कार्यक्रममा जग्गा दातालाई सम्मान समेत




गरिएको थियो। कार्यक्रममा बोल्दै मन्त्री बरालले फेरी पनि एक पटक समिक्षा गर्न र सचेत हुन नसके राज्य प्रणाली खतरामा पर्ने सम्भावना उत्तिकै रहेको बताउनु भयो। निती निर्माणको प्रकृयामा पछि परेकालाई निती निर्माणमा नपुर्‍याएसम्म विकास हुन नसक्ने मन्त्री बरालको दाबी थियो। उहाँले भन्नु भयो हिजो सुकिला मुकिला मात्र राज्य प्रणालीमा पुग्ने गर्दथे तर समाजमा पछि परेकाहरुलाई निती ,निर्माण प्रकृयामा लैजाने कसको भूमिका रह्यो तपाईहरुलाई थाहा छ। फेरी महाकाल रात्रि फर्किने हो की भन्ने चिन्ता समेत लाग्न थालेको मन्त्री बरालको भनाई छ। खिस्सि टियुरि गर्नेलाई खबरदारी गर्न बन्दीपुर बासीलाई मन्त्री बरालले आग्रह गर्नु भयो। हामीले केही गर्नु पर्छ भन्ने हुटहुटि भएको उहाँको भनाई थियो।

सांस्कृतिक झाँकीले विभिन्न समुदायको पिडा वोलेको बताउदै मन्त्री बरालले पर्यटकीय एवं ऐतिहासिक रुपमा पहिचान बनाएको बन्दीपुरको विकासमा सवै एक हुन आग्रह गर्नु भयो। मिनि ग्रेटवाल सिसाको पुल सहितको अन्य विकासको प्रस्तावलाई राम्रोसंग मनन गर्ने उहाँले बताउनु भयो। प्रदेशको औकात अनुसार केही न केही सम्बोधन गर्ने उहाँले आश्वासन दिनु भयो। उहाँले भन्नु भयो प्रदेश सरकार प्रति जनताको चासो केन्द्रित भएको छ तर बजेट न्यून रहेको छ। हामी अझै लडाई प्रकृयामै छौं, स्थानिय र प्रदेश सरकारलाई बढी अधिकार दिनुपर्छ भन्दै संघ सरकारसंग समन्वय गर्दै आएको मन्ती बरालले बताउनु भयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

# कोरोनाको प्रभावमा पोखरेली कलाकर्मीका साधना

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

"कलाकार पनि समाजभित्रकै अङ्ग हो, समाजमा घट्ने हरेक घटानक्रमले उसलाई प्रभावित बनाएको हुन्छ", पोखराका वरिष्ठ कार्टुनिष्ट दुर्गा बराल(वात्स्यायन) भन्नुहुन्छ। कोरोना महामारीका कारण देशका हरेक सेवा, पेशा र व्यवसाय प्रभावित भए जस्तै कलाकर्मीका साधनालाई पनि त्यसले प्रत्यक्ष मारमा पारेको वात्स्यायनको अनुभव छ।

समाजका विकृति विसङ्गतिलाई व्यङ्ग्यचित्रका माध्यमबाट आमपाठक माझ पुर्‍याउँदै आउनुभएका वात्स्यायनले कोरोनाको अवधिमा आफूले खासै व्यङ्ग्यचित्र नकोरेको बताउनुभयो। कोरोना कहरले समाजमा पारेको प्रभावसँगै कलाकर्मीको साधनालाई पनि प्रत्यक्ष प्रभावित बनाएको बताउँदै उहाँले महामारीकै कारण पत्रपत्रिकासमेत बन्द हुने तथा अत्यन्त असहज अवस्थामा चल्नुपर्ने बाध्यताका कारण व्यङ्ग्यचित्र लेखनमा खासै उत्साह नआएको उल्लेख गर्नुभयो।

आफूले स्वतन्त्ररुपमा व्यङ्

बाँकी अन्तिम पृष्ठमा ▶▶

# उडान सुरक्षा जाँचपछि प्याराग्लाइडिङ उडान सुरु गर्ने तयारी

पोखरापत्र संवाददाता
पोखरा, ४ असोज

कोभिड-१९ का कारण पछिल्लो समय पाँच महिनादेखि रोकिएको प्याराग्लाइडिङ उडान सुरक्षा जाँच र टेष्ट फ्लाइटपछि खुला गर्ने तयारी गरिएको छ। सरकारले निषेधाज्ञा खुला गरेसँगै स्वास्थ्य सतर्कता र उडान सुरक्षालाई ध्यान दिएर खुला गर्ने तयारीमा लागिएको नेपाल हवाइ खेलकूद संस्था (ना)का अध्यक्ष कृष्ण भण्डारीले जानकारी दिनुभयो।

"लामो समयदेखि बन्द रहेको प्याराग्लाइडिङ सञ्चालनका लागि आवश्यक सचेतना र उपकरणको जाँच गरेर उडान सञ्चालन गर्ने तयारी गरेका छौँ, अब यसै हप्ता उडान हुनेछ", उहाँले भन्नुभयो। उहाँले सम्पूर्ण कम्पनीले उडान उपकरण जाँच गरेको र टेष्ट फ्लाइट पनि भएकाले अब एक दुई दिनभित्रै व्यावसायिक उडान गरिने जानकारी दिनुभयो। संस्थाले सुरक्षित उडानका लागि प्याराग्लाइडिङ उपकरणका सम्पूर्ण जाँच, स्वास्थ्य मापदण्डलगायतका विषयमा प्यारा पाइलट र व्यवसाय सञ्चालकलाई एकदिने सचेतना तालिमसमेत प्रदान गरेको जानकारी दिनुभयो।

भण्डारीले भन्नुभयो, "लामो समय उडान नहुँदा उपकरण बिग्रिन सक्ने भएकाले ग्लाइडर, रेस्क्यु, जाँच गरेर टेष्ट फ्लाइट गरी उडान सञ्चालन गर्नेछौँ।" संस्थाका महासचिव बलराम आचार्यले उडानसँग आबद्ध २०० व्यक्तिलाई प्याराग्लाइडिङ सुरक्षा तथा सचेतना अभिवृद्धिसम्बन्धी प्रशिक्षण दिइएको बताउनुभयो।

उहाँका अनुसार प्रशिक्षण कार्यक्रममा पोखरा विमानस्थल प्रमुख विक्रमराज गौतम र नेपाल नागरिक उड्डयन प्राधिकरणका सेप्टी स्ट्यान्र्डड विभागका कार्यालय प्रमुख राजु श्रेष्ठ, सिनियर प्रबन्धक देवन्द्रप्रसाद पाण्डे, अफिसर महेश अर्यालले उडान सुरक्षासम्बन्धी प्रशिक्षण दिनुभएको थियो। साहसिक खेलका रुपमा ब्राण्डिङ भएको प्याराग्लाइडिङ पोखरामा सन् १९९९ देखि व्यावसायिक उडान शुरु भएको हो। प्याराइडिङको पोखरामा ६० कम्पनी रहेका छन् भने ३५० प्यारा पाइलट छन्। विदेशी प्यारापाइलट भने करिब १५ जना रहेका छन्। झण्डै रु एक अर्बको लगानी यस क्षेत्रमा छ भने एक हजार जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। पहिलो बन्दाबन्दी खुकुलो भएसँगै प्याराग्लाइडिङ कम्पनीले उडानमा ५० देखि ६० प्रतिशतसम्म छुट दिएर आन्तरिक पर्यटकलाई आकर्षित गरेका थिए।

छुटसँगै प्याराग्लाइडिङ गर्न पोखरा आउने आन्तरिक पर्यटकको सङ्ख्या निकै बढेको थियो। रु पाँच हजारदेखि रु आठ हजारसम्म शुल्क लिइँदै आएकामा पछिल्लो समय रु २५ सयदेखि रु तीन हजारमा उडान हुँदै आएको थियो। अब सञ्चालन हुने उडानमा कति शुल्क लिने भन्ने विषयमा टुङ्गो लागिनसकेको र व्यवसायीबीच छलफल गरेर मात्र शुल्क निर्धारण गर्ने तय गरिएको महासचिव आचार्यले जानकारी दिनुभयो।


# एक हजार ९५ संक्रमित

रासस
काठमाडौं, ४ असोज

विगत २४ घण्टामा सोमबार एक हजार ९५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १३ हजार ८१७ जनामा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

नेपालमा सङ्क्रमणको दर १९.२ प्रतिशत छ। यस्तै सक्रिय सङ्क्रमित २२ हजार ३२३ जना छन्। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १० र २०० भन्दा बढी सङ्क्रमित हुने जिल्ला १९ पुगेका छन्। आज दुई हजार ९५७ जना सङ्क्रमणमुक्त भएका छन्। हालसम्म सात लाख ५२ हजार १७० सङ्क्रमणमुक्त भई घर फर्किएका छन्। नेपालमा सङ्

बाँकी अन्तिम पृष्ठमा ▶▶



# सभामुख पक्षपाती बनेको एमाले नेता अधिकारीको आरोप

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**



नेकपा एमालेका नेता एवं निवर्तमान गृहमन्त्री खगराज अधिकारीले सभामुख पक्षपाती बनेको आरोप लगाउनु भएको छ । नेकपा एमाले पोखरा महानगरपालिका वडा नम्वर ३१ को बृहत कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता अधिकारीले सभामुख सबैको साझा बन्न सक्नु पर्नेमा कुनै दल बिशेषको नेता जस्तो बनेर पक्षपाती ब्यवाहार गर्नु दुखद भएको आरोप लगाउनु भएको हो ।

नेता अधिकारीले भन्नुभयो 'जसपाले सरिता गिरीलाई कार्वाही गर्दा र नेकपा माओवादी केन्द्रले लेखराज भट्ट, टोप बहादुर रायमाझिहरुलाई कार्वाही गर्दा सभामुखले २४ घण्टा भित्रै निर्णय गरेको तर एमालेले आफ्ना १४ जना सांसदलाई गरेको कार्वाही प्रति सभामुख अग्नि प्रसाद सापकोटाले आलटाल गरेर पार्टी बिभाजन गराउन भुमिका खेल्नु पक्षपाती ब्यवाहर हो । सभामुख दलको नेता जस्तो बन्नु दुखद छ ।' माधब नेपालले जसरी पनि पार्टी बिभाजन नगरि नहुने लिखित सम्झौतामा हस्ताक्षर नै गरेकोले पार्टी बिभाजन भएको एमाले नेता अधिकारीको दाबी छ। नेता अधिकारीले कम्युनिष्ट पार्टी माथी गम्भिर आक्रमण सुरु भएको भन्दै हेर्दा केपी-माधब वा केपी-प्रचण्ड बिच बिबाद जस्तो देखिएको भए पनि यसमा राष्ट्रीय अन्तराष्ट्रीय शक्ती केन्द्रको खेल रहेको र नेपालमा अस्थिरता चाहाने तत्व सक्रिय बनेको जिकिर गर्नुभयो । उहाँले नेपालमा राजनैतिक स्थिरता आयो भने अमेरीकी र युरोपियन युनियनले खेल्न नपाउने तथा अमेरीकाको चिन बिरोधी छेलोखेलो बन्द हुने डरले केही तत्व लागि परेको बताउनुभयो । ओली नेतृत्वको सरकार ढाल्न सडकमा निस्किएका अधिकारकर्मी हौ भन्नेहरु अहिले भारतले तुईन काटेर जयसिंह धामीको हत्या गर्दा चुईक्क नबोल्नुले उनिहरुको असलियत रुप प्रष्ट भएको उहाँको भनाई थियो । वडा कमिटीका अध्यक्ष गणेश बहादुर थापाको अध्यक्षता सम्पन्न भेलामा पोखरा प्रज्ञा प्रतिस्ठानका कुलपति पदमराज ढकाल, जिल्ला समन्य समितीका उपप्रमुख साबित्री भण्डारी, पोखरा महानगरपालिका ३१ का वडा अध्यक्ष कमल बहादुर थापा, एमाले नेताहरु टिकाराम पंगेनी, शंकरनाथ पौडेल, शुर्यमणी लामिछाने, स्थानिय युवा भिमसेन बानियाँ लगायतले बोलेका थिए भने कार्यक्रमको संचालन देबेन्द्र अधिकारीले गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेस, नेकपा माओबादी केन्द्र, राप्रपा लगायतका दल परित्याग गरि करिब २ सय युवाहरु नेकपा एमालेमा प्रबेश गरेका छन् । नव प्रबेसीहरुलाई एमाले नेता अधिकारीले खादा र अबिर लगाएर पार्टीमा स्वागत गर्नु भएको थियो ।

# 'कोरोना माहामारीमा स्वास्थ्यकर्मीको भुमिका महत्वपूर्ण'

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ४ असोज**



कोरोना भेरियन्टमा स्याङ्जाका स्वास्थ्यकर्मीको भुमिका महत्वपूर्ण रहेको बताइएको छ।

विश्वलाई च्यालेन्ज गरेको कोरोना संक्रमणलाई न्युनिकरण गर्न स्वास्थ्यकर्मीले गरेको भुमिका प्रशंसनीय रहेको स्थानीयतहले जनाएका छन् । कोरोना संक्रमणको व्यवस्थापनमा गण्डकी प्रदेशमा उत्कृष्ट काम गरेको वालिङ नगरपालिकाले गरेको स्वास्थ्य शाखाको बार्षिक समिक्षामा सो बताइएको हो ।

वालिङ नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवाका विषयमा स्वास्थ्य संस्थास्तरीय वार्षिक समीक्षामा संक्रमणलाई परास्त गर्न स्वास्थ्यकर्मीले देखाएको जोखिमयुक्त कामलाई प्रशंसा गर्न लायक रहेको जनप्रतिनिधिहरुले बताएका थिए । दुईदिनसम्म सञ्चालन हुने वार्षिक समीक्षामा नगर उपप्रमुख कल्पना तिवारीले स्वास्थ्यसम्बन्धी आधारभूत सेवालाई नागरिकहरुको पहुँचमा पुऱ्याउन जरुरी रहेको बताइन् । वडा/वडामा स्वास्थ्य केन्द्र स्थापना गरी नगरवासीको सेवा प्रवाह भएको छ उपप्रमुख तिवारीले भनिन्,'स्वास्थ्य संकटमा नगरपालिकाले नागरिकको स्वास्थ्यमा खेलवाड गर्नुहुदैन ।' नागरिकहरुलाई स्वास्थ्य संस्थाबाट उपलब्ध गराउनुपर्ने सेवाहरु निरन्तररुपमा उपलब्ध गराउने र सेवा विस्तार गर्न नगरपालिकाले कुनै कसुर बाँकी राख्ने छैन उनले भनिन् । कोभिड १९ को महामारी रोकथाम तथा नियन्त्रणमा स्वास्थ्यकर्मीहरुको निरन्तरको खटाई प्रशंसनीय छ उनले भनिन्,'यसको मुल्याङ्कन गर्न नगरपालिका चुक्न हुदैन, स्वास्थ्यकर्मीको मनोबल बढाउनु पर्छ ।' महामारीका समयमा जोखिम मोलेर अग्रपंक्तिमा रही सेवा दिनुहुने स्वास्थ्यकर्मीहरुकै कारण वालिङले कोरोना रोकथाम तथा नियन्त्रणका लागि महत्वपूर्ण भूमिका खेल्न सफल भयो उनले भनिन् ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत बाबुराम सापकोटाले सेवा प्रवाह गर्ने क्रममा स्वास्थ्य क्षेत्रमा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्दै अगाडि बढ्ने बताए । विभिन्न स्वास्थ्य संस्थाहरुले गरेका असल कार्य तथा अनुभवहरुलाई अनुशरण गर्दै आगामी दिनमा नयाँ योजनाहरु बनाउन सहज हुने तर्फ ध्यान केन्द्रित गर्न सापकोटाले आग्रह गरे ।

समीक्षा कार्यक्रममा नगरभित्र रहेका अस्पताल, स्वास्थ्यचौकी तथा शहरी स्वास्थ्य इकाईका प्रमुख तथा प्रतिनिधि स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको छ स्वास्थ्य शाखा प्रमुख कमल पाण्डेले बताए ।

## कोरोनाको...

ग्यचित्र कोर्दै आएको बताउँदै उहाँले यस्तो असहज अवस्थामा पत्रपत्रिकाका लागि पनि बोझ नथपियोस् भन्ने कुराले सोचनीय बनाएको बताउनुभयो । कार्टुनकला क्षेत्रमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय ख्याती कमाउनुभएका वात्स्यायनका व्यङ्ग्यचित्रले समाजमा मात्रै नभइ राष्ट्रिय राजनीतिलाई समेत तरङ्गित बनाउने गरेको छ ।

अर्का वरिष्ठ कलाकार बुद्धि गुरुङ पनि कोरोना कहरका कारण कलाका साधक अत्यन्त मर्कामा परेको धारणा राख्नुहुन्छ । उहाँले कोरोना महामारीले समाजमा पारिहेको नकारात्मक प्रभावसँगै कला सिर्जना पनि प्रत्यक्ष प्रभावित भएको बताउनुभयो । "महामारीले जताततै पारेको निराशाले कला साधकलाई पनि जाँगर चलेको छैन", उहाँले भन्नुभयो, "कोरोना कहरका बीचमा गत वर्ष जेनतेन चित्र तयार गरेको थिएँ, अहिले भने जम्मा ६/७ वटा मात्रै तयार भएका छन् ।" कलाकारले तयार गरेका चित्र अधिकांशतः विदेशी पर्यटकले किनिदिने गरेको र लामो समयदेखि उनीहरूको आगमन नभएका कारण तयार भएका सामग्री पनि थन्क्याएर राख्नुपर्ने बाध्यता रहेको उहाँको दुःखेसो छ । कोरोना महामारीले संस्थागत रुपमा समेत गरिने काम प्रभावित बनाएको बताउँदै ललितकला प्रज्ञा प्रतिष्ठान, प्राज्ञ परिषद् सदस्यसमेत रहेका गुरुङले प्रतिष्ठानका गतिविधिलाई समेत महामारीले प्रभाव पारेको बताउनुभयो । प्रतिष्ठानबाट यसबीचमा केही महत्वपूर्ण पुस्तक भने तयार भएको उहाँको भनाइ छ । अर्का वरिष्ठ कलाकर्मी क्षेत्रलाल कायस्थ कोरोना कहरका बीचमा पनि आफ्ना साधनलाई भने निरन्तरता दिएको बताउनुहुन्छ ।

महामारी अघिको जस्तो सहज अवस्था नरहे पनि कोरोना कहरमा आफूले सेतो सिमेन्टको प्रयोगबाट १८ इन्च र २० इन्च उचाइका दुईवटा बुद्धको मूर्ति तयार गरेको जानकारी दिनुभयो । त्यस्तै सिमेन्ट र छडको प्रयोगबाट दुईवटा अमूर्त कला तयार गरेको उहाँले जानकारी दिनुभयो । "कोरोना महामारीले सबै क्षेत्रमा प्रभाव पारेका अवस्थामा कला साधनामा पनि केही न केही प्रभाव त पाऱ्यो नै", उहाँले भन्नुभयो, "त्यसका बाबजुद कला साधनामा लागिरहेका कारण बन्दाबन्दी र यसबीचको अवधि खासै पट्यार लाग्दो भने भएन ।"

समयको सदुपयोग गर्दै कलाकार कायस्थले यसबीचमा आफ्नो कलासम्बन्धी जीवनयात्राको लेखन सम्पन्न गरेको जानकारी दिनुभयो । झण्डै ८०/९० पृष्ठको जीवनयात्रा चाँडै नै सार्वजनिक गर्ने उहाँको भनाइ छ ।

## बन्दीपुर...

मन्त्री बरालले बाढी र पहिरोले प्रभावित भएका मनाङमा घर पूर्ण रुपमा क्षति भएकालाई २ लाख अन्य जिल्लाका परिवारलाई भने एक लाख दिने जुन रकम जिल्ला प्रशासन कार्यालयमा पठाइएको बताउनु भयो ।

उहाँले भन्नु भयो, हामीले सिप सिक्न आवश्यक छ, सवै नागरिकलाई सिप युक्त भए पनि काम अनुसारको दाम दिने समाजवाद समाजको स्थापनाको लागि हामी लागेका छौं । नेता तथा कार्याकर्ताले उत्पादनमा जोडिन, उत्पादन ब्रिगेड बनाउ भन्ने हिसावले निर्देशीत गर्नुपर्ने आत्मनिर्भर र स्वाभिमानि बन्नको लागि राज्यको तहबाट आवश्यक सहयोग हुने उहाँले बताउनु भयो । सवै क्षेत्रका तह र तप्काका व्यत्तिहरुलाई समेट्नुपर्ने बताउदै मन्त्री बरालले पलायन भएको युवा शक्तिलाई विना धितो ऋण दिनु पर्ने सरकारको धारणा भएको जनाउनु भयो । कसैको आशा र अपेक्षा गर्नुपर्ने अबस्था नल्याउने गरी जानुपर्ने प्रदेश सरकारको धारण समेत रहेको मन्त्री बरालको भनाई थियो । चेतनालाई तिर्खान आवश्यक भएको उहाँको भनाई थियो । गाउँपालिकाले गर्न नसकेको ठुला योजनाहरु महत्वपूर्ण कार्यलाई व्यावहारिक रुप दिन गहिरो गरी प्रदेश सरकारले मनन गर्ने उहाँले बताउनु भयो । सवै एक आपसमा मिलेर सामुहिक रुपमा व्यवसायी बन्नु पर्ने उहँको भनाई थियो । बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले बन्दीपुरमा सिसाको पुल र सभाहल निर्माण गर्न आवश्यक सहयोग गर्न अर्थ मन्त्री समक्ष माग गर्नु भयो । उक्त भौतिक संरचनाले पिछडिएको बर्गलाई उत्थान गर्न सकिने दाबी गर्नु भयो । अध्यक्ष थापाले सांस्कृतिक भवन आवश्यक भएको बताउनु भयो । बन्दीपुर गाउँपालिका उपाध्यक्ष करुणा गुरुङले यस बर्षको बाढी पहिरोले धेरै क्षति पुगेको गुनासो गर्नु भयो । माओबादी केन्द्र गण्डकी प्रदेश सचिवालय सदस्य गंगा पोखरेलले विकासको पूर्वाधारमा बन्दीपुर गाउँपालिकाले फट्को मारेको दाबी गर्नू भयो । नेकपा एमाले बन्दीपुर गाउँपालिका कमिटिका अध्यक्ष सुरेन्द्र थापाले संघियताको पहिलो ५ बर्षमा आधारभूत कुरामा मात्र ध्यान केन्द्रित भएको बताए । बन्दीपुर एकिकृत विकास गुरुयोजना निर्माण समितिका अध्यक्ष हेमराज लामिछानेले प्रदेश सरकारले जनताको पहशुस हुने गरी जग्गा चक्लाबन्दी, पाखा पालनमा अनुदान सहितका धेरै कुरामा राहत प्राप्त भएको बताउनु भयो ।

बन्दीपुर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत महेश सुवेदीले उघोग ग्राम स्थापना गर्न केही समस्या देखा परेको बताए । उनले पर्यटन र विकास निर्माणमा प्रदेश सरकारले बन्दीपुरलाई थप सहयोग गर्नुपर्ने बताए । कार्यक्रममा कागेंसका महासमिति सदस्य रामचन्द्र अधिकारी, काग्रेंस नेता रेशम बहादुर गुरुङ, नेकपा माओबादी केन्द्र तनहुँका अध्यक्ष राजेन्द्र केशरी न्यौपाने, नेकपाका नेता प्रेम शाही, जनता समाजबादी पार्टीका मिनाराम परियार, नेकपा क्रान्तिकारी बन्दिपुर इन्चार्ज सुन्दरलाल श्रेष्ठ, माक्सीय गुरुकुलका सदस्य गुणानिधी शर्मा, सि.के.वि.के. क्याम्पसका कार्यवहाक अध्यक्ष सरिता पियारी, ,पूर्व वडा अध्यक्ष रुद्रनिधि नौनाबस्ती, वडा सदस्य अमृत शाही, कर्मचारी ऋषिराम ढुंगाना लगायतले वोल्नु भएको थियो । कार्यक्रममा खड्गी सेवा समितिले नाखे नृत्य सहित चेपाङ मसुदाय र नेवारी समुदायको झाँकी समेत प्रर्दशन समेत गरिएको थियो ।

## एक हजार...

क्रमणमुक्त हुने दर ९५.८ प्रतिशत छ ।

सङ्क्रमणबाट विगत २४ घण्टामा आठ जनाको मृत्यु भएको छ । हालसम्म सङ्क्रमणबाट ११ हजार ४८ जनाको मत्यु भएको छ । नेपालमा प्रति १० लाखमा ३७२.४ जनाको सङ्क्रमितको मत्यु भएको छ । यस्तै मन्त्रालयका अनुसार ३७१ जना सघन उपचार कक्ष (आइसियु), १०८ जना भेन्टिलेटर, २० हजार ८९१ जना होम आइसोलेशन, एक हजार ४३२ जना संस्थागत आइसोलेशन र २६४ जना क्वारेन्टिनमा छन् ।

सोमबार २२ हजार १९२ जनाले कोरोना विरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ६२ लाख १५ हजार ८५६ जनाले पहिलो मात्रा र ५५ लाख ८८ हजार ५१७ ले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।




**तुरुन्त बिक्रीमा**

चालु अवस्थामा रहेको पोखरा–१४ छिनेडाँडामा अवस्थित ओशो राइसमिल एण्ड कृष्ण स्टोर्स तुरुन्त बिक्रीमा छ । मूल्य आपसी समझदारीमा हुनेछ ।

सम्पर्कः
मो. ९८१६७७४५२४, ९८२६१९३२२५

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# सदनलाई निरर्थक बनाउने काम

जनताका प्रतिनिधिले ब्यापक छलफल गरेर मात्र संसदबाट विधेयक पारित हुनुपर्ने हो । अझ कर लगाउने र सरकारले प्रस्तुत बजेट विना छलफल पारित भएको छ भने त्यसले वैधता पाउँछ । प्रतिनिधि सभामा प्रमुख प्रतिपक्षी दलका सांसदहरुले रोष्टम अगाडि नारा लगाउँने क्रम जारी छ । सभामुख अग्नी सापकोटा संसदको सबैभन्दा ठूलो दललाई वेवास्ता गर्दै बैठक चलाउने क्रम पनि जारी छ । सत्ताको आडमा जबर्जस्ती बैठक चलाउँदा सदनको महत्व घटेको छ। सदनमा हुने छलफल र बहसले राष्ट्को ध्यानाकर्षित गर्छ।संसद्लाई कसरी प्रभावकारी बनाउने भन्ने सभामुखको भुमिका रहन्छ । मन्त्री रोष्टममा दगुर्दै जाने र विधेयक प्रस्तुत गर्ने कर्मकाण्ड जारी छ । तिग्डम गरेर सदनलाई सत्ताको लाचार छायाँ बनाउने काम भएको छ । संसद भनेको सरकारले प्रस्तुत गरेको विधेयक वा प्रस्तावमा कुनै छलफल विना सभामुखले पारित भएको घोषणा गर्ने भएको छ । सभामुखले कसरी डोऱ्याउन खोज्छन् त्यसकै सेरोफेरोमा सदन चल्ने हो । सभामुखको भूमिका सरकारको आदेश पालक जस्तो भएको छ । सभामुखको कुर्सीमा बस्दैमा सदन सुचारु र प्रभावकारी हुन सक्दैन भन्ने उदाहरण अग्नी प्रसाद सापकोटा बनेका छन । सदन चलाउन प्रतिपक्षको साथ र सत्तापक्षको विश्वास जित्नुपर्छ । कुनै दल सत्तामा हुँदा अप्ठ्यारोमा पार्ने, कुनै दल सत्तामा पुग्दा बढी बफादार देखिँदा अहिले सरकारलाई अलोकप्रिय बनाइदिएको छ । सबैले आदर गर्ने र निस्पक्ष भुमिका खेल्नुपर्ने पदमा पुगेको ब्यक्ति विवादित हुनु अशुभ हो । प्रमुख प्रतिपक्षीको विरोधका बाबजुद सदन चलाउँदा  छलफलमा सत्तारुढ दलकै सांसद समेत निष्क्रिय देखिनु राम्रो होइन ।

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले संसदमा अवरोध गरिरहेकाले बैठकमा आएका प्रस्तावमाथिको छलफलमा भाग नलिनु स्वाभाविक भए पनि सत्ता पक्षकै सांसद निष्क्रिय रहँदा संसद प्रभावहीन बन्न पुगेको छ । सभामुखको भूमिका हेर्दा सत्ताधारी दलका सांसदहरूलाई पनि छलफलमा भाग लिनु निरर्थक लागेको छ । प्रतिनिधिसभा बैठकमा अर्थमन्त्री जनार्दन शर्माले 'बजेटसंग सम्बन्धि विधेयकहरु पेश गर्द प्रस्तावमाथि सैद्धान्तिक छलफलका लागि भाग लिन सभामुखले नाम टिपाउन तीन मिनेटको समय दिए । अर्थमन्त्रीले राखेको प्रस्तावमाथि सत्ताधारी दलका सांसदले भाग लिएनन् ।

विपक्षी  नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालमात्रै भाग लिए । सुवालले उठाएका विषयमा मन्त्रीले सैद्धान्तिक  जवाफ दिएनन्। बोल्ने मौका पाउने बित्तिकै सुवालले एमसीसीविरुद्ध आफ्ना धारणा राखिहाल्ने गरेका छन् । उनीबाहेक सत्तारुढ दलका कुनै पनि सांसदले सैद्धान्तिक छलफलको समय उपयोग गरेनन् । यो सभामुखको  सदनलाई प्रभावहीन बनाउने काम हो । विषय केन्द्रित धारणा कसैको नआएकाले जवाफ दिन आएका अर्थमन्त्रीले पनि सुवाललाई धन्यावाद दिने गरेका छन् । विपक्षीले आफ्नो नाराबाजी कायमै राखे, सत्ता पक्षले समर्थनमा हात उठाएपछि अर्थमन्त्रीको प्रस्ताव बहुमतले स्वीकृत भयो ।  त्यसपछि सभामुखले बैठक असोज सात गते दुई बजे बस्ने गरी स्थगित गरे ।

बैठक अवधिभर पनि प्रमुख प्रतिपक्षी एमालेले विरोधमा नारावाजी गरिहेको थियो । तर, सभामुख अग्निप्रसाद सापकोटाले त्यसको कुनै वास्तै नगरी बैठक चलाइरहे । सदन सुचारु हुँदा एकजना सदस्य पनि उठेर विरोध जनाए सभामुखले विरोधका कारणबारे बोल्ने मौका दिने वा सदन शुचारु हुन आग्रह गर्ने संसदीय प्रचलन हो । बैठकमा एमाले विरोधको सभामुखले बेवास्ता गरेर एमालेलाई चिढ्याउने काम गरेका छन। सदनमा जारी अवरोध हटाउन सभामुखले आयोजना गरेको सर्वदलीय बैठक एमालले बहिष्कार गरेको थियो । सभामुखले दुई पक्षीय ,बहुपक्षीय छलफल गरेर मात्र सर्वदलीय बैठक राखेको भए निकास आउन सक्थ्यो । एमालेसँग  रुष्ट भएर  सभा संचालन गर्दा आउने परिणाम नकारात्मक हुन्छ । जुन पदका लागि सुहाउँदैन । सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले संवाद गरेर अवरोध हटाउन सार्थक पहल गर्नु पर्छ ।

एमाले र सभामुखबीचको इगोले सदन प्रभावकारीरूपमा संचालन हुन सकिरहेको छैन । एमालेले अमुक दलका सांसद गैरसांसद भन्दै नारावाजी गरेर बैठक अवरुद्ध पारिरहेको छ भने सभामुखले पनि संवादलाई खासै महत्व दिएका छैनन् । सभा संचालनमा समस्या आए कार्यव्यस्था परामर्श समितिको बैठक राखेर त्यहाँ छलफल गर्ने प्रचलन छ, जसलाई सभामुखले पछ्याएका छैनन् । सदनको सबैभन्दा ठूलो दल एमालेको पनि सत्ताधारीलाई सिकाउने दायित्व छ । त्यसै अनुसार जिम्मेवार रुपमा प्रस्तुत हुँदै आफूले अगाडि सारिरहेका मागलाई सहजरूपमा समाधान गर्न लाग्नुपर्छ । दुवैतर्फबाट अन्य विधिबाट संवाद अघि बढाउन अग्रसर हुनुपर्नेछ । दुखलाग्दो दुवैतर्फबाट  त्यसो भएको देखिएको छैन  । दुवैले ईगो हटाउन सकेमा संवादको बाटो खुल्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : कार्यमा सफलता |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# २५ औं स्थापना दिवसमा वेद विद्याश्रममा सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**



पोखरा ७ मासबारमा अवस्थित महिला विकासका लागि आमा समुहले पोखराका वेद विद्याश्रममा सहयोग गरेको छ ।

समुहको २५ औं स्थापना दिवसको अबसर पारेर पोखरा चिसाखोला वेद विद्याश्रम र नारायणथान वेद विद्याश्रममा एक एक थान राइस कुकुर , एल.पी. ग्यास र फलफुल सहयोग गरेको हो । कार्यक्रममा समुहका सस्थापक अध्यक्ष महाकाली बरालले २०५२ सालमा स्थापना भइ आमा समुहले विभिन्न सामाजिक कार्य गर्दै आएको बताउनु भयो । पोखरा चिसाखोला वेद विद्याश्रमका प्रमुख संरक्षक मोक्षनाथ तिमिल्सिनाले २५ औं वर्ष पुरा गरेर समुहलाई निरन्तरता दिन सफल भएकोमा थप प्रगतीको कामना गर्दै शुभकामना व्यक्त गनुभयो ।

आउँदा दिनमा सधै आमा दिदिबहिनीहरुमा दान गर्ने प्रेरणा मिलोस भन्दै भग्वानको कृपाको अर्शिवाद दिनुभयो ।

२०५५ साल देखि पठन पाठन सुरु गरेको आश्रमले अहिले नेपाल सरकारको अनुमति लिइ कक्षा १२ सम्मको अध्यापन गराइने जानकारी दिनुभयो । महिला विकासका लागि आमा समुहकी अध्यक्ष मनमाया बरालको अध्यक्षतामा भएको कार्यक्रमको सन्चालन समुहकी सचिव अन्जु पण्डितले गरेकी थिइन् ।


# २५ औं स्थापना दिवसमा वेद विद्याश्रममा सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**





पोखरा ७ मासबारमा अवस्थित महिला विकासका लागि आमा समुहले पोखराका वेद विद्याश्रममा सहयोग गरेको छ ।

समुहको २५ औं स्थापना दिवसको अबसर पारेर पोखरा चिसाखोला वेद विद्याश्रम र नारायणथान वेद विद्याश्रममा एक एक थान राइस कुकुर , एल.पी. ग्यास र फलफुल सहयोग गरेको हो । कार्यक्रममा समुहका सस्थापक अध्यक्ष महाकाली बरालले २०५२ सालमा स्थापना भइ आमा समुहले विभिन्न सामाजिक कार्य गर्दै आएको बताउनु भयो ।

पोखरा चिसाखोला वेद विद्याश्रमका प्रमुख संरक्षक मोक्षनाथ तिमिल्सिनाले २५ औं वर्ष पुरा गरेर समुहलाई निरन्तरता दिन सफल भएकोमा थप प्रगतीको कामना गर्दै शुभकामना व्यक्त गनुभयो । आउँदा दिनमा सधै आमा दिदिबहिनीहरुमा दान गर्ने प्रेरणा मिलोस भन्दै भग्वानको कृपाको अर्शिवाद दिनुभयो ।

२०५५ साल देखि पठन पाठन सुरु गरेको आश्रमले अहिले नेपाल सरकारको अनुमति लिइ कक्षा १२ सम्मको अध्यापन गराइने जानकारी दिनुभयो ।

महिला विकासका लागि आमा समुहकी अध्यक्ष मनमाया बरालको अध्यक्षतामा भएको कार्यक्रमको सन्चालन समुहकी सचिव अन्जु पण्डितले गरेकी थिइन् ।


# सङ्कटमा पऱ्यो ठेकी बनाउने व्यवसाय

**रासस**
**बागलुङ, ४ असोज**

कोरोनामहामारीकोत्रासनहुँदो हो त बागलुङ नगरपालिका-१२ अमलाचौरका पूर्णबहादुर चुँदार यति बेला गिठेदारको ठेकी बनाउँदै गरेका अवस्थामा हुनुहुन्थ्यो ।

बाउबाजेले सिकाएको पुर्ख्यौली ठेका बनाउने कलामा उहाँ अब्बल हुनुहुन्छ । उहाँजस्तै गाउँकै टेकबहादुर चुँदार पनि ठेकीको व्यवसाय गर्नुहुन्थ्यो तर दुई वर्ष भयो न उहाँहरुले नयाँ ठेकी बनाउन पाउनुभएको छ न व्यापारका लागि घुम्नडुल्न नै ।

जिल्लाका बलेवामा रहेका चुँदार समुदायले परम्परागत प्रविधिको प्रयोग गरेर काठका ठेकी उत्पादन गर्दै आएका छन् । जङ्गलमा पाइने गिठेदारबाट बनाइने ठेकी गाउँघरमा दूध दही राख्नका लागि प्रयोग हुने गरेका छन् । कोरोनाका कारण उनीहरुको काम र व्यापार ठप्प छ । पछिल्लो समय बजार ओगटेका प्लाष्टिक र स्टिलका सामानले काठको ठेकीको माग घट्दै गएका बेला महामारीले हुने गरेका व्यापारमा समेत अवरोध गरेको पूर्णबहादुर बताउनुहुन्छ ।

"दुई वर्ष भयो घर छोड्न पाइएको छैन, काठ खोज्न जानु न ठेका कुँद्नु", उहाँले भन्नुभयो, "अब त खुल्यो भने पनि प्लाष्टिकका भाडाले काठका भाडा नखोज्ने बनाउँछ होला ।"

ठेकाका लागि आवश्यक पर्ने गिठेदार बागलुङमा पाइँदैन । गुल्मी र पाल्पा पुगेर कालीगढले कहिले काठ ल्याउने त कहिले ठेकी नै उतै कुँदेर ल्याउने गरेका थिए । बन्दाबन्दीले उनीहरुको दिन दैनिकीमा असर गरेको छ । जिल्लामा उत्पादन हुने ठेकी गण्डकी प्रदेशका विभिन्न जिल्लामा बिक्री हुने गरेका छन् । गिठेदारको ठेकीलाई व्यवसायीले मानाको रु ७०० देखि एक हजारसम्ममा बिक्री गर्ने गरेका छन् । स्थानीय काठबाट ठेकी बनाउन कठिन हुने र उपभोक्ताको माग पनि गिठेदारनै हुने भएका हात पट्याएर बस्नुपरेको टेकहादुर बताउनुहुन्छ । चाडपर्वको बेला गाउँ गाउँमा ठेका बोकेर डुल्ने उनीहरु दुई वर्षदेखि घरमै छन् ।

"दशैं र चैतेदशैंमा बागलुङ कालिका आसपासमा राखेर ठेका बेचिन्थ्यो, काठका भाडा खुब खोज्थे",उहाँले भन्नुभयो, "फेसनका जिनिसले कम बिक्न थालेका थिए, त्यहीँमाथी कोरोनाले थला पार्यो ।" मेहेनत धेरै लाग्ने र सीपको आवश्यकता हुने भएकाले युवापुस्ताको आकर्षण यो व्यवसायमा कम छ । काठका भाडामा राखेको दुग्धजन्य पर्दा मीठो र नसड्ने भएकाले पुरानो पुस्ताले खोजी गरे पनि नयाँ पुस्तामा प्लाष्टिकको मोह बढी रहेकाले व्यवसाय नै सङ्कटमा पर्न थालेको चुँदारा समुदाय बताउँछन् ।

# नेपालमा नयाँ चराको प्रजाति

**रासस**
**काठमाडौं, ४ असोज**

नेपालमा पहिलो पटक युरोपेली रोलर नामको नयाँ चराको प्रजाति रेकर्ड गरिएको छ ।

नयाँ प्रजाति उक्त चरा माथिल्लो मुस्ताङ, लोमानथाङ गाउँपालिका-५ स्थित अन्नपूर्ण संरक्षण क्षेत्रको तीन हजार ७८१ मिटरको उचाइमा रेकर्ड गरिएको राष्ट्रिय प्रकृति संरक्षण कोषले आज जनाएको हो ।

संरक्षण क्षेत्रका कर्मचारी रामबहादुर गुरुङले गत अगस्ट २९ मा पहिलो पटक नयाँ प्रजातिको चराको फोटो खिच्नुभएको थियो । दोस्रो दिनपछि पनि पुनः उक्त चरा देखिएपछि उहाँले थप प्रमाणीकरणका लागि फोटो सम्बन्धित निकायमा पठाउनुभएको कोषले जनाएको छ । कोषको अन्नपूर्ण संरक्षण क्षेत्र मुस्ताङका प्रमुख ऋषि बरालले नयाँ चराको प्रजातिबारे पहिचान र प्रमाणीकरणका लागि प्रक्रिया अघि बढाउनुभएको थियो भने चराविद्हरू डा हेमसागर बराल, सोम जिसी, टिम इन्सकिप्प र करोल इन्सकिप्पको समूहले प्रमाणीकरण गर्नुभएको थियो । पछिल्लो थप भएसँगै संरक्षण क्षेत्रमा ५१९ प्रजातिका चरा रेकर्ड भएका छन् ।

# पोखरा फाइनान्सको नयाँ शाखा नेपालगञ्ज र कोहलपुरमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ असोज**

पोखराको न्यूरोडमा प्रधान कार्यालय रहेको पोखरा फाइनान्स लिमिटेडले आजदेखि दुई नयाँ शाखा कार्यालयहरु सञ्चालनमा ल्याएको छ ।

फाइनान्सले लुम्बिनी प्रदेशको बाँके, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १ धम्बोजी, सुर्खेत रोडमा र बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ कोहलपुर चोकमा आफ्नो २३ औं र २४ औं शाखा कार्यालयहरु सञ्चालनमा ल्याएको हो ।

राष्ट्रियस्तरको यस वित्तीय संस्थाले शाखा सञ्जाल एवं ग्राहक सेवा विस्तारको लागी विभिन्न जिल्लाहरुमा शाखा खोलिने उद्देश्य अनुरुप नेपालगञ्ज र कोहलपुरमा नयाँ शाखाहरु खोलिएको फाइनान्सले जनाएको छ । यस शाखाहरु मार्फत संस्थाले निक्षेप संकलन, कर्जा लगानी, डिम्याट, मोवाइल बैकिङ, सिआस्वा, आइपिएस, चेक क्लियरिङ रेमिटेन्स लगायत अन्य आधुनिक बैकिङ सेवाहरु प्रवाह गरिने वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रविचन्द्र गुरुङले बताए । चुक्तापुँजी ९६.३१ करोड रहेको यस वित्तीय संस्थाको हालसम्मको निक्षेप ९ अर्व ३४ करोड तथा कर्जा लगानी ७ अर्व ४६ करोड रहेको छ ।

# उपल्लो मुस्ताङमा सञ्चार सहज

**रासस**
**म्याग्दी, ४ असोज**

मोबाइल फोनमा कुराकानी गर्न टावर टिप्ने डाँडामा चढ्नुपर्ने र इन्टरनेट चलाउन सदरमुकाम जोमसोम झर्नुपर्ने उपल्लो मुस्ताङवासीको बाध्यता हटेको छ ।

घर, गोठ, मेलापात, कार्यालय जहाँ जाँदा पनि साथमा रहेको मोबाइलमा कुराकानी गर्न मात्र नभएर उच्च गतिको इन्टरनेट चलाउन पाएपछि बारागुङ, मुक्तिक्षेत्र, लोघेकर-दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाका बासिन्दालाई सहज भएको छ । देश ,विदेश र वल्लोपल्लो गाउँमा अत्यावश्यक सूचना आदानप्रदान गर्नदेखि सहर बजारका कलेजमा भर्ना भएका विद्यार्थीले कोरोना महामारीमा घरमै बसेर अनलाइनबाट पढ्न पाएका चराङवासी घम्जुघुटी गुरुङले बताउनुभयो । "सञ्चार सुविधाको विस्तारसँगै भौगोलिकरुपमा विकट र दुर्गम क्षेत्रका बासिन्दाको जीवनशैलीमा परिवर्तन आएको छ", उहाँले भन्नुभयो, "कोठाभित्रै बसेर सूचना आदानप्रदान गर्न पाएका छौं । सञ्चार नहुँदा धेरै सास्ती भएको थियो ।" विकास निर्माणमा सहजीकरण गर्न, सार्वजनिक सेवा प्रवाह, भेडाच्याङ्ग्रा, स्याउलगायत कृषिजन्य वस्तुको बजारीकरणमा समेत सहयोग पुगेको लोमान्थाङका टासी गुरुङले जानकारी दिनुभयो । "धार्मिक र पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ", उहाँले भन्नुभयो, "मोबाइल सुविधा विस्तारसँगै जीवनशैलीमा नसोचेको परिवर्तन ल्याएको छ ।" सरकारी स्वामित्वको नेपाल टेलिकमले थासाङ, घरपझोङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा तारजडित टेलिफोन, फाइबरबाट इन्टरनेट विस्तार गरेको छ । मुक्तिनाथ, दामोदरकुण्डदेखि चीनको सिमाना कोरला नाकासम्म बिटिएस टावरमा थ्रीजी सञ्चालन गरेको टेलिकमको बागलुङ शाखाका वरिष्ठ इञ्जिनीयर केशव शर्माले जानकारी दिनुभयो । "मुक्तिनाथमा फाइबर इन्टरनेट विस्तार भएको छ", उहाँले भन्नुभयो, "चार हजार ६०० मिटर उचाइको कोरला नाकाको बिटिएस टावरमा पनि थ्रीजी चलाएका छौं ।" छरिएका र पातलो बस्ती भएको मुस्ताङका ठाउँमा मोबाइल र थ्रीजी इन्टरनेट विस्तार गर्न २० बिटिएस टावर राखेको टेलिकमका मुस्ताङ शाखा प्रमुख सुमनराज श्रेष्ठले जानकारीदिनुभयो ।

धार्मिकस्थल दामोदरकुण्डमा जाने दर्शनार्थी र स्थानीयवासीलाई लक्षित गरेर पछिल्लो पटक लोघेकर दामोदरकुण्ड गाउँपालिकाको घिलिङ लोदा र नाङ्लियाको 'बिटिएस टावर'को स्तरोन्नति गरिएको छ ।

तीव्र गतिमा चल्ने हावाहुरी, हिमपात र चिसोका कारण सञ्चार सेवालाई प्रभावित हुन नदिन स्थानीय तहले सामग्री राख्ने घर निर्माण र टावरसम्म केन्द्रीय प्रसारण लाइनको विद्युत् विस्तार गरेको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्टले बताउनुभयो । पोखरा-बागलुङ, बेनी-जोमसोम-कोरला सडक निर्माणका क्रममा फाइबरमा क्षति हुने र विद्युत् आपूर्तिमा हुने अनियमितता मुस्ताङको सञ्चार सुविधालाई नियमित र गुणस्तरीय बनाउन चुनौती देखिएको छ । विसं २०७४/०७५ सम्म मुस्ताङमा सीमित कल सुविधा मात्र थियो । हाल अधिकांश भू-भागमा माइक्रोवेभ रेडियो लिङ्कमार्फत अत्याधुनिक प्रविधिको सेवा प्रवाह गरिरहेको छ ।

# 'स्वच्छ बुल्दी अभियान' सुरु

**पोखरापत्र संवाददाता**
**दमौली, ४ असोज**

तनहुँको सदरमुकाम दमौलीस्थित बुल्दी खोलालाई स्वच्छ राख्न 'स्वच्छ बुल्दी अभियान' सुरु भएको छ । व्यास नगरपालिका क्षेत्रमा रहेको बुल्दी खोलालाई सफा र स्वच्छ राख्न रोटऱ्याक्ट क्लब अफ दमौली र रोटरी क्लब दमौलीले स्वच्छ बुल्दी अभियान सुरु गरेको हो ।

सामाजिक उत्तरदायित्व बहन गर्दै क्लबले उक्त अभियान सुरु गरेको रोटऱ्याक्ट क्लब अफ दमौलीका अध्यक्ष सुशान्त अधिकारीले जानकारी दिनुभयो । संविधानदिवसकोअवसरपारेरक्लबले आइतबारदेखि उक्त अभियान शुभारम्भ गरेको हो । "संविधान जारी भएर हरेक नागरिकको हकअधिकार प्राप्त भए पनि सबैले आफ्नो कर्तव्य र दायित्वलाई आत्मसात् गर्नुपर्छ", उहाँले भन्नुभयो, "आफ्नो सहर र प्राकृतिक स्रोतको संरक्षण गर्न एउटा अभियान थालेका हौं ।" उहाँका अनुसार प्रत्येक महिनाको दुई वटा शनिबार बुल्दी सफाइ अभियान सञ्चालन गरिनेछ । त्यसका लागि विभिन्न सङ्घसंस्थासँग समन्वय गरिने अधिकारीले जानकारी दिनुभयो । रोटरी क्लब दमौलीका अध्यक्ष दिनेशकुमार श्रेष्ठले वातावरण संरक्षणका लागि रोटरी इन्टरनेशनलको मूल नारा रहेकाले यो अभियानमा सहभागी हुन सबैलाई आग्रह गर्नुभएको छ । क्लबले बुल्दी सफाइ अभियानसँगै बुल्दीको इतिहास र यसको सम्पदा रक्षाका लागि पनि आवाज उठाउने बताएको छ । अभियान शुभारम्भको अवसरमा व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (इ) का सेनाले सहयोग पुऱ्याएका थिए ।

# पश्मिनाको कच्चा पदार्थमा आत्मनिर्भर बन्दै उद्योगी

-सन्तोष गौतम
**म्याग्दी, ४ असोज (रासस)**

नेपाली उद्योगी पश्मिनाको कच्चा पदार्थको आयात घटाउँदै आत्मनिर्भर बन्ने अभियानमा लागेका छन्।

नेपाल पश्मिना उद्योग सङ्घ स्वदेशी कच्चापदार्थ (ऊन प्रशोधन) गरेर पश्मिनाको धागो उत्पादन गर्ने तयारीमा जुटेको हो। सङ्घका उपाध्यक्ष धनप्रसाद लामिछानेले मङ्गोलिया र चीनबाट ल्याइने कच्चा पदार्थका विकल्पमा नेपालकै भुवा प्रशोधन गरेर धागो उत्पादन गर्न लागिएको जानकारी दिनुभयो।

"स्वदेशी ऊन प्रशोधन गर्न सङ्घको अगुवाइमा काठमाडौँमा नेपाल फाइबर प्रोसेसिङ उद्योग खोलेका छौँ", उहाँले भन्नुभयो,"मुस्ताङको चराङमा सङ्कलन केन्द्र खोलेर डोल्पाको समेत रु एक करोड २५ लाख मूल्य बराबरको दुई हजार ८०० किलो ऊन खरिद गरिसकेका छौँ।" मुस्ताङको लोघेकर-दामोदरकुण्ड गाउँपालिकाको चराङमा सङ्कलन केन्द्र स्थापना भएपछि खेर गइरहेको च्याङ्ग्राका ऊनको सदुपयोग र कृषकको आम्दानी वृद्धि हुनाका साथै पश्मिनाको कच्चा पदार्थ आयात प्रतिस्थापन गर्न सहयोग पुगेको छ। विदेश निर्यात हुने पश्मिनाका लागि च्याङ्ग्राको ऊन प्रशोधन गरेर धागो बनाइन्छ। सङ्घका अनुसार नेपालबाट वार्षिक रु तीन अर्बको पश्मिना निर्यात हुने तथा यसका लागि १९५ टन भुवाको धागो आयात हुन्छ।

कच्चा पदार्थको आयात घटाउन मुस्ताङ, मनाङ, डोल्पा, मुगु, हुम्लालगायत जिल्लाका कृषकबाट च्याङ्ग्राको भुवा खरिद गर्न थालिएको सङ्घका कोषाध्यक्ष कृष्ण पङ्गेनीले बताउनुभयो। सम्भाव्यता अध्ययनका लागि दोस्रो पटक उपल्लो मुस्ताङ पुगेर म्याग्दी आइपुग्नुभएका उपाध्यक्ष लामिछाने, कोषाध्यक्ष पङ्गेनी, पश्मिना उद्योगी भीम शेरचनसहितको टोलीले लोघेकर-दामोदरकुण्ड, लोमान्थाङ बारागुङ र मुक्तिक्षेत्र गाउँपालिकाका जनप्रतिनिधि तथा च्याङ्ग्रापालक कृषकसँग अन्तर्क्रिया गरेको थियो। गत साउन दोस्रो साता सङ्घको टोलीले भुवाको सम्भाव्यता अध्ययन गरेर फर्केपछि सरकारले पनि यसतर्फ चासो दिएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव तथा युरोपेली सङ्घको नेपालस्थित कार्यालयका प्रतिनिधि पुनःसम्भाव्यता अध्ययनका लागि यसै हप्ता मुस्ताङ जाने तयारीमा रहेको उपाध्यक्ष लामिछानेले बताउनुभयो। विश्व व्यापार सङ्गठनले परामर्शदाता सचिन श्रेष्ठलाई अध्ययनका लागि मुस्ताङमा पठाएको छ। पश्मिना उद्योगी शेरचनले मुस्ताङको मात्र भुवा प्रशोधन गर्न सकेमा पनि ३० प्रतिशत भुवाको धागो आयात घटाउन सकिने बताउनुभयो। "परम्परागत र अव्यस्थितरुपमा सङ्कलन गरिएको मुस्ताङको भुवा प्रशोधन गर्दा ३० प्रतिशत प्रयोगयोग्य हुने देखिएको छ", उहाँले भन्नुभयो,"च्याङ्ग्रापालन र भुवा सङ्कलनलाई आधुनिक र व्यवस्थित बनाउने हो भने अझ यसको गुणस्तर बढाउन सकिन्छ।" बजार सुनिश्चित नभएकाले यहाँका कृषकले यसअघि ऊन निकाल्ने गरेका थिएनन्। ऊन च्याङ्ग्राको शरीरबाटै झरेर खेर जाने गरेको थियो। तीस प्रतिशतका हाराहारीमा ऊन निकाले पनि बजार नपाउने समस्या थियो।

तिब्बती सीमा कोरला नाकामा अन्तरदेशीय व्यापार मेला हुँदा चिनियाँ व्यापारीले सामानसँग ऊन साटेर लैजान्थे। कोरोनाका कारण पछिल्लो दुई वर्षयता व्यापार मेला नहुँदा करोडौँ मूल्यको ऊन बिक्री हुन सकेको थिएन। लोघेकर-दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्टले खेर गइरहेको ऊनले उचित मूल्य र बजार पाएपछि कृषकमा खुशीयाली छाएको बताउनुभयो। लोमान्थाङ, कागबेनी र जोमसोममा पनि भुवा सङ्कलन केन्द्र राख्न कृषकले प्रस्ताव गरेका छन्।

कृषकले केन्द्रमा ल्याउने ऊन सङ्कलन गरेर सङ्घले खरिद गरी काठमाडौँ लैजाने सम्झौता भएको छ। सङ्घले प्रतिकिलो अप्रशोधित ऊन रु चार हजार ५०० मा खरिद गरिने जनाएको छ। वैशाख र जेठ च्याङ्ग्राको शरीरबाट ऊन निकाल्ने याम हो। च्याङ्ग्राको मासु, छाला र मल पनि बिक्री हुन्छ।

पश्मिना उद्योगी उत्सव खनालले च्याङ्ग्राको सङ्ख्या बढाउन, हिउँदमा आहारा जुटाउन तथा घाँस खेती, भण्डारण र महामारीबाट बचाउन खोपको व्यवस्था गरिनुपर्ने बताउनुभयो। च्याङ्ग्राको ऊन पश्मिनाका लागि (क) श्रेणीको कच्चा पदार्थ हो। भेडा र चौँरीका तुलनामा च्याङ्ग्राको ऊन गुणस्तरीय मानिएको छ। मुक्तिनाथ, कागबेनी, छुसाङ, जोमसोम, चैले, घमी, चराङ, लोमान्थाङलगायतका कृषकले व्यावसायिक च्याङ्ग्रापालन गरेका छन्। भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यका अनुसार यस क्षेत्रमा ५२ हजार च्याङ्ग्रा पालिएको छ।

# कृषि बिमाबाट कृषक लाभान्वित

रासस
**लमजुङ, ४ असोज**

यहाँका १८ कृषक कृषि बिमाबाट लाभान्वित भएका छन्। आर्थिक वर्ष २०७७/२०७८ मा लमजुङमा सो सङ्ख्यामा कृषक तथा कृषिफार्म बिमाबाट लाभान्वित भएका हुन्। व्यावसायिकरुपमा कृषि पेशामा अघि बढेका कृषक तथा फार्म गण्डकी प्रदेश सरकारले उपलब्ध गराएको बिमा राहतबाट लाभान्वित भएको कृषि ज्ञान केन्द्र लमजुङले जनाएको छ।

केन्द्रका अनुसार जिल्लामा मौरी, गोलभैँडा, अलैँची, कफी, आलु एवं कागतीको व्यावसायिक खेती गर्दै आएका कृषक बिमा राहतबाट लाभान्वित भएका छन्। प्रदेश सरकारले गत आर्थिक वर्षमा व्यावसायिक कृषि गर्दै आएका कृषकका लागि कृषि बिमा कार्यक्रममा विशेष राहत प्याकेजसमेत ल्याएको थियो। कोरोना सङ्क्रमणको जोखिमसँगै सरकारले जारी गरेको लकडाउनका कारण कृषक समस्यामा परेको भन्दै उक्त वर्गलाई लक्षित गर्दै प्रदेश सरकारले राहत प्याकेज ल्याएको छ।

सरकारले व्यावसायिक कृषि उत्पादन गर्दै आएका कृषकलाई कृषि बिमा प्रिमियममा २५ प्रतिशत छुटसहितको राहत प्याकेज ल्याएको थियो। कृषि बिमाको प्रिमियममा यसअघि बिमा रकमको ७५ प्रतिशत रकम सङ्घ सरकारले तिर्ने गरेको थियो। हाल प्रदेश सरकारले बाँकी २५ प्रतिशत रकम तिरेपछि कृषकले निःशुल्क कृषि बिमा गरेको कृषिज्ञान केन्द्रका अर्थविज्ञ तथा सूचना अधिकारी मदन रेग्मीले बताउनुभयो। उहाँले भन्नुभयो, "प्रदेश सरकारको विशेष राहत प्रिमियममा २५ प्रतिशत अनुदान विशेष कार्यक्रमअन्तर्गत जिल्लामा एक लाख ५२ हजार रुपैयाँ खर्च भएको छ।" जिल्लामा अलैँची खेती गरेर बिमा गराएका छ वटा फार्मका लागि प्रदेश सरकारको २५ प्रतिशत प्रिमियमअन्तर्गत ७२ हजार रुपैयाँ भुक्तानी गरेको छ।

सोहीबमोजिम गोलभैँडा खेती गर्दै आएका चार फार्मका लागि ३२ हजार, कफी खेती गर्दै आएका तीन फार्मका लागि २४ हजार, मौरीपालन गर्दै आएका तीन कृषकका लागि १६ हजार रुपैयाँ, व्यावसायिकरुपमा आलु उत्पादन गर्दै आएका एक कृषकका लागि छ हजार रुपैयाँ र व्यावसायिकरुपमा कागती उत्पादन गर्दै आएको एक फार्मका लागि दुई हजार रुपैयाँ भुक्तानी गरेको कृषि ज्ञान केन्द्र लमजुङले जनाएको छ।

सरकारले निःशुल्क कृषि बिमा गर्न थालेपछि पछिल्लो समयमा युवापुस्तासमेत कृषि पेशामा आकर्षित हुन थालेका छन्।

कृषि ज्ञान केन्द्र लमजुङको ७२ प्रतिशत वित्तीय प्रगति भएको छ। आर्थिक वर्ष २०७७/२०७८ मा गरेको योजना तथा कार्यक्रम गरी ७२ प्रतिशत वित्तीय प्रगति भएको केन्द्रका अर्थविज्ञ तथा सूचना अधिकारी रेग्मीले बताउनुभयो।

उहाँले अघिल्लो आर्थिक वर्ष कार्यालयमा कार्यक्रम तथा योजनाका लागि ११ करोड १६ लाख ४७ हजार रुपैयाँ बजेट आएको बताउनुभयो। उक्त बजेटमध्ये आठ करोड २९ लाख तीन हजार रुपैयाँ खर्च भएको छ। आर्थिक वर्ष २०७६/७७ मा भन्दा धेरै प्रगति भए तापनि कार्यालयको लक्ष्यअनुसार वित्तीय प्रगति भने हुन नसकेको उहाँको भनाइ छ। विशेष गरी तलब भत्ता र लकडाउनले गर्दा पनि कार्यालयका आवश्यक कार्यक्रम सञ्चालन गर्न नसक्दा वित्तीय प्रगतिमा कमी भएको उक्त कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार गत आवमा ५६ वटा कार्यक्रममध्ये ४५ वटा कार्यक्रम सम्पन्न भएको छ भने ११ वटा कार्यक्रम हुन सकेन। साना सिँचाइ, साना व्यावसायिक फर्म स्थापना तथा विस्तार, रैथाने बाली प्रवर्द्धन, ग्रामीण क्षेत्रमा घर बगैँचा स्थापना, आलुखेती विशेष प्रवर्द्धन कार्यक्रम लगायतका कार्यक्रम सम्पन्न भएको छ। कृषि ज्ञान केन्द्र लमजुङद्वारा यहाँका कृषकलाई साँढे पाँच करोड रुपैयाँ अनुदान दिइएको छ। केन्द्रले कृषकलाई आव २०७७/७८ मा पाँच करोड ५८ लाख २२ हजार रुपैयाँ बराबरको अनुदान दिएको हो। केन्द्रका कृषि अर्थविज्ञ रेग्मीका अनुसार कृषकलाई कृषि क्षेत्रमा आकर्षित गर्दै, कृषि पेशाबाट आत्मनिर्भरता बनाउनका लागि विभिन्न शीर्षकमा अनुदान दिएको हो। अनुदान दिएकामध्ये सबैभन्दा धेरै अनुदान बैँसीशहर नगरपालिकाका कृषकलाई दिइएको छ। बैँसीशहर नगरपालिकालाई एक करोड छ लाख ७४ हजार बराबरको अनुदान दिएको छ। यस अनुदानबाट यहाँका २७६ कृषक परिवार लाभान्वित भएका छन्।

त्यस्तै सुन्दरबजार नगरपालिकामा एक करोड ३० लाख तीन हजार बराबरको अनुदान दिएकामा ३०२ परिवार लाभान्वित भएका छन्। मध्यनेपाल नगरपालिकामा एक करोड १६ लाख ४६ हजार बराबरको अनुदानमा २६५ कृषक परिवार लाभान्वित भएका छन् भने राइनास नगरपालिकामा ७० लाख आठ हजार बराबरको अनुदानबाट २८३ घरपरिवार लाभान्वित भएका छन्।

क्व्होलोसोथर गाउँपालिकामा २२ लाख २४ हजार अनुदानबाट यहाँका २०४ परिवार लाभान्वित भएका छन् भने दूधपोखरी गाउँपालिकामा ३० लाख ३६ हजार अनुदानबाट २०५ कृषक परिवार लाभान्वित भएका छन्। त्यस्तै मर्स्याङ्दी गाउँपालिकामा ७७ लाख ८७ हजार अनुदानबाट २७८ परिवार लाभान्वित भएका छन्। दोर्दी गाउँपालिकामा ४३ लाख ७२ हजार अनुदानबाट २७५ परिवार लाभान्वित भएको उक्त कार्यालयले जनाएको छ।

# कांग्रेस नगर सभापतिमा नौ आकाङ्क्षी

पोखरापत्र संवाददाता
**दमौली, ४ असोज**

वडा तहको अधिवेशनपछि नेपाली कांग्रेस अब स्थानीय तहको अधिवेशनमा जुटेको छ। कांग्रेसले आगामी असोज ९ गते देशभरका स्थानीय तहको अधिवेशनको मिति तोकेको छ। यसअघि गत भदौ २७ गते पालिकाको अधिवेशन हुने भनिए पनि अन्तिम समयमा आएर मिति परिवर्तन भएको थियो।

पालिकाको अधिवेशन नजिकिएसँगै स्थानीय राजनीति पनि तात्न थालेको छ। यतिबेला जिल्लाका चिया पसल र चोकचोकमा व्यास नगर समितिको अधिवेशनको चर्चा चल्न थालेको छ। वडाको अधिवेशनबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि र वडा सभापतिले स्थानीय तहको नेतृत्व चयन गर्न पाउने भएकाले उम्मेदवारहरू क्षेत्रीय प्रतिनिधिको जोडघटाउमा लागेका हुन्। हरेक उम्मेदवारले आफ्ना पक्षका प्रतिनिधि गन्न थालेका छन्। अधिवेशन नजिकिएसँगै नगर सभापतिका उम्मेदवार पनि बढ्दै हालसम्म नौ जनाले उम्मेदवारी घोषणा गरेका छन्। व्यास नगर समितिका सचिव मोहनकुमार श्रेष्ठ, अर्का नगर सचिव चूडामणि दाहाल, नगर सहसचिव डम्बर अधिकारी, ट्रेड युनियन कांग्रेसका अध्यक्ष सूर्यचन्द्र हड्खले, नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य देवकुमार श्रेष्ठ, वडा नं १० का वडाध्यक्ष तुलसीराम सापकोटा, इञ्जिनीयर हरिदत्त पौडेल, डा शेषरमण र व्यवसायी बैकुण्ठनाथ मिश्रले उम्मेदवारी घोषणा गर्नुभएको छ। सभापतिका उम्मेदवार श्रेष्ठले अब कांग्रेसमा युवा पुस्ता नेतृत्वमा आउनुपर्ने जनाउँदै युवाको प्रतिनिधित्व गर्दै आफूले उम्मेदवारी घोषणा गरेको बताउनुभयो। "दुई कार्यकाल सचिव भइसकेकाले सभापतिमा मेरो उम्मेदवारी स्वाभाविक हो," उहाँले भन्नुभयो। अर्का आकाङ्क्षी दाहालले व्यास नगर समितिलाई हालको भन्दा अझ व्यवस्थितरुपमा सञ्चालन गर्ने, क्रियाशील सदस्यता वितरण तथा अभिलेखलाई विद्युतीकरण गर्ने, विकास निर्माणका योजना छनोट गरी नगरपालिकामा सिफारिस गर्ने तथा अग्रज नेताको सम्मान र युवा पुस्ताको मूल्याङ्कन गरी पार्टी सञ्चालन गर्ने आफ्नो योजना रहेको बताउनुभयो। त्यस्तै अधिकारीले आफू निर्वाचित भए नगरपालिकाका सबै वडामा व्यवस्थित ढङ्गले पार्टी कार्यालय सञ्चालन गर्ने, पार्टी सङ्गठन सुदृढीकरणका लागि प्रत्येक वडामा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने, आपत्विपद्मा परेका पार्टीका कार्यकर्तालाई सहयोगका लागि कोष स्थापना गर्ने र आगामी निर्वाचनमा तीनवटै स्थानीय तहमा पार्टीका उम्मेदवारलाई अत्यधिक मतले विजयी गराउनका भूमिका निर्वाह गर्ने बताउनुभयो।

अर्का आकाङ्क्षी हड्खलेले युवाको भावनालाई सम्मान गरी सभापतिमा उम्मेदवारी दिइएको बताउनुभयो। प्रविधिसँग जोडिएका युवालाई सँगै लगी राजनीतिमा पनि आकर्षित गर्न आफूले उम्मेदवारी दिएको उहाँको भनाइ थियो। नगरपालिकाका सबै वडामा क्षेत्रीय प्रतिनिधि छनोट भएर आइसकेको र अब ४५० प्रतिनिधिले मतदान गर्ने भएका छन्।

रक्तदान
जीवनदान

# प्रधानाध्यापकलाई ३ बर्षको अल्टिमेटम

श्रीकृष्ण सिग्देल
**स्याङ्जा, ४ असोज**

बिरुवा गाउपालिकाले सामुदायीक विद्यालयमा प्रधानाध्यापकलाई ३ बर्षको अल्टिमेटम दिएको छ। शैक्षिक गुणस्तरका लागि ३ बर्षको समयअवधी दिएर अल्टिमेटम दिइएको हो।

गाँउपालिकाले बालदिबसको अबसर पारेर ३४ वटा सामुदायिक विद्यालयमा प्रअहरु सगँ शिक्षणमा सुधार ल्याउन १८ बुँदामा सम्झौता गरेको छ। ३ बर्ष भित्र सम्झौतामा उल्लेख गरिएका बुँदाहरुमा सुधार नल्याएमा उनीहरुलाई प्रअ पदबाट हटाउने सम्मको चेताबनी छ।

सामुदायीक विद्यालयका प्रअ र गाँउपालिकाका अध्यक्ष चुनप्रसाद शर्मा बिच भएको कार्यसम्पादन सम्झौता गरिएको गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलराज सुबेदीले जानकारी दिए। गाउपालिकाको शैक्षिक गुणस्तर अभिबृद्दिको लागि कार्य सम्पादन सम्झौताले महत्वपुर्ण सहयोग गर्ने विश्वास लिएको गाँउपालिकाका अध्यक्ष चुनप्रसाद शर्माले बताए। उनले गाउपालिकाले यस अभियानमा सम्पुर्ण शिक्षक तथा कर्मचारी हरुबाट समेत सहयोगको अपेक्षा राखेको बताए। शैक्षिक गुणस्तर खस्कदो अवस्थामा जान थालेपछि कठिन सम्झौता गर्न बाध्य भयौ गाँउपालिका अध्यक्ष शर्माले भने,'पालिका सगँ भएको सम्झौतालाई खेलवाड नगरी कार्यसम्पादन सफल बनाउनु होला।' अन्यथा पालिकाले अत्यन्तै कठोर निर्णय गर्न बाध्य हुने छौं शर्माले भने।

जिल्लामै शैक्षिक गतिविधिमा उत्कृष्ट नतिजा ल्याउने गरी गाँउपालिकाले सबै प्रअहरु सगँ कार्यसम्पादन सम्झौता गरेको छ। गाँउपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुबेदीले यस अबधिमा विद्यालयले अन्य विभिन्न शैक्षिक सुचकका अलाबा मुख्यगरी विद्यार्थीको सिकाइ उपलब्धिमा गत शैक्षिक सत्रलाइ आधार मानी १०प्रतिशतले अभिबृद्दी गर्नु पर्ने बताए। गाँउपालिका कार्यालको तर्फबाट आफुले शिक्षा शाखा प्रमुख सङ कार्यसम्पादन सम्झौता गरिसकेको र अब प्रअ हरुले आफ्न विषयगत शिक्षक हरु सङ समेत छुट्टा छुट्टाछुट्टै सम्झौता हुने बताए।

३ बर्ष भित्र भौतिक सुधार, अनुशासन, पठनपाठन, शिक्षण विधि प्रयोग लगायतका सुधार गर्नुपर्ने गरी १८ बुँदा सम्झौतामा उल्लेख छ। गाँउपालिकाका शिक्षा शाखा प्रमुख जिबलाल भुसालले सम्झौतामा उल्लेख भएको बिषयमा ध्यान नदिएमा जागिरमा समेत धक्का लाग्ने सुझाब दिए। पालिकाले गरेको यो अभ्यासलाई अभिभावकहरुले स्वागत गरेका छन्।

# खुल्न थाले स्याङ्जाका शक्तिपीठ

पोखरापत्र संवाददाता
**वालिङ, ४ असोज**

कोभिड-१९ को सङ्क्रमणका कारण बन्द भएका यहाँका शक्तिपीठ क्रमशः खुल्न थालेका छन्। जिल्ला सुरक्षा समितिको बैठकले सङ्क्रमणको दर घट्दै गएकाले स्मार्ट लकडाउन गर्ने निर्णयसँगै यहाँका मुख्य शक्तिपीठ खुल्न थालेका हुन्।

कोरोनाका कारण गत वैशाखदेखि बन्द भएका शक्तिपीठ असोज लागेसँगै खुलेपछि क्रमशः भक्तजन पूजाआजाका लागि पुग्न थालेका छन्। स्याङ्जाको वालिङ आठ गह्रौँसुरमा अवस्थित प्रसिद्ध गह्रौँसुर मन्दिरमा पाँच महिनाअघिदेखि नृत्य पूजामात्रै हुँदै आएकामा शुक्रबारदेखि भक्तजनका लागि खुला गरिएको गह्रौँसुर धार्मिक एवं पर्यटकीय केन्द्रका अध्यक्ष सुरजप्रताप खाँणले जानकारी दिनुभयो।

"पाँच महिनासम्म नित्य पूजामात्रै हुँदै आएको मन्दिर यही असोज १ गतेदेखि सर्वसाधारणलाई पूजाआजा गर्न खुला गरेका छौँ", अध्यक्ष खाँणले भन्नुभयो, "पूजाआजाका लागि आउने दर्शनार्थीले सामाजिक दूरी कायम गर्नुपर्ने, मास्क तथा सेनिटाइजर अनिवार्य प्रयोग गर्नुपर्ने र स्वास्थ्यसम्बन्धी अन्य मापदण्ड अपनाउनु पर्नेगरी खुला गरेका हौँ।"

यसैगरी भिरकोट नगरपालिका-४ छाङ्छाङदीस्थित छायाँक्षेत्र मन्दिर पनि दर्शनार्थीका लागि खुला गरिएको छ। यसअघि त्यहाँ नित्य पूजामात्रै हुँदै आएको थियो। स्वस्थानी व्रतकथामा उल्लेख गरिएनुसार पार्वतीको अन्तिम अङ्ग यस ठाउँमा पतन भएको हो भन्ने धार्मिक विश्वास छ। स्वास्थ्यसम्बन्धी सम्पूर्ण मापदण्ड लागू गर्नेगरी दर्शनार्थीका लागि मन्दिर खुला गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पीताम्बर श्रेष्ठले जानकारी दिनुभयो। वालिङ-१२ घुरुङ्खास्थित तीनकन्या अकलादेवी मन्दिर पनि लागि खुला गरिएको छ। कोभिडको सङ्क्रमण दर कम हुँदै गएकाले सर्वसाधारणका लागि खुला गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष भविराज गुरुङले बताउनुभयो।

कालीगण्डकी गाउँपालिका-३ स्थित शाह वंशको कूल देवीकारुपमा परिचित छ आलमदेवी मन्दिर। जिल्लामा मात्रै नभएर देश तथा विदेशका विभिन्न स्थानबाट दर्शनार्थी यहाँ पूजाआजा गर्न आउने गरेका थिए। कोरोनाका कारण बन्द भएको मन्दिर अहिले खुला गरिएको मन्दिरका पूजा व्यवस्थापन समितिका अध्यक्ष प्रेमसिंह रानाले बताउनुभयो।

पुतलीबजार-१४ सतौँकोटस्थित चण्डी र कालिका मन्दिर पनि खुला गरिएको छ। दुबै मन्दिरका देवीलाई सतौँकोटे राजाको इष्टदेवीकारुपमा पुजिदै आएको छ। यहाँ देशका विभिन्न भाग तथा छिमेकी देश भारतबाट पनि वर्षेनी श्रद्धालु भक्तजन आउने गर्छन्।

# १० हिमाली जिल्लामा खोप

रासस
**काठमाडौं, ४ असोज**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले १० हिमाली जिल्लामा १८ वर्षमाथिकालाई सोमबारदेखि कोरोना भाइरस विरुद्धको खोप अभियान सञ्चालन गरिएको जनाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले ती जिल्लाका १८ वर्षभन्दा माथिका सबैलाई आजदेखि यही असोज १४ गतेसम्म कोरोना भाइरस विरुद्धको पहिलो मात्राको खोप अभियान सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो। उहाँका अनुसार ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, रसुवा, जुम्ला, मुगु, हुम्ला, डोल्पा, बाजुरा र दार्चुलामा १८ वर्षभन्दा माथिका सबैलाई भेरोसेल खोपको पहिलो मात्रा लगाउन थालिएको हो। सरकारले शुक्रबारमात्र चीन सरकारबाट खरिद गरिएको ४४ लाख मात्रा भेरोसेल खोप ल्याएको थियो। यस्तै काभ्रे र चितवनमा पनि १८ वर्ष भन्दा माथि छुटेका विद्यार्थी र ३५ वर्षमाथिका सबैलाई खोप लगाउन थालिएको छ। उहाँले अभियानकै क्रममा काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, रामेछाप, सर्लाही र अछाम जिल्लामा ४० वर्ष माथिका खोप लगाउन बाँकी र १८ वर्ष माथिका खोप लगाउन छुटेका विद्यार्थीलाई खोप लगाइने छ। यस्तै मनाङ, मुस्ताङ र पूर्वी रुकुम वाहेकका ५५ जिल्लामा ४५ वर्षमाथिका खोप लगाउन बाँकी सवै नागरिक र १८ वर्षमाथिका खोप लगाउन छुटेका विद्यार्थीलाई पनि अभियानकै क्रममा खोप लगाइने उहाँले बताउनुभयो। पहिलो मात्रा खोप लगाइसकेका लागि कात्तिक ४ देखि कात्तिक १४ गतेसम्म भेरोसेलको दोस्रो मात्राको खोप प्रदान गरिने छ। आजैदेखि यसअघि पहिलो मात्रा लगाएका नागरिकलाई दोस्रो मात्राको खोप अभियान पनि सञ्चालन गरिएको छ। दोस्रो मात्रा आजदेखि असोज ६ गतेसम्म काठमाडौं जिल्लामा सञ्चालन भइरहेको छ। मन्त्रालयले खोप लगाउनका लागि आफ्नो परिचय खुल्ने परिचय पत्र लिएर जान समेत अनुरोध गरेको छ। अहिलेसम्म नेपालमा पहिलो मात्रा ६२ लाख तीन हजार ३१६ जनाले र पूर्णमात्रा ५५ लाख ७८ हजार ८६५ जनाले लगाइसकेका छन्।